हरिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिपुर, सर्लाही
मधेश प्रदेश, नेपाल

(आ.व. २०७९/०८०) वैठक नं.

आज मिति २०७९ साल फागुन २९ गते सोमवारका दिन विहान ८:०० बजे हरिपुर नगर कार्यपालिकाको विसौं नगर कार्यपालिका वैठक नगर प्रमुख श्री गोपाल पजियार ज्यूको अध्यक्षतामा बसि निम्न अनुसारको प्रस्तावहरुको विषयमा छलफल गरि निर्णय गरियो ।

## उपस्थिती

| क्र स | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | गोपाल पजियार | नगर प्रमुख | |
| २ | निलम देवी राय यादव | नगर उपप्रमुख | |
| ३ | नानी बाबु थापा | सदस्य(वडा अध्यक्ष वडा नं.१) | |
| ४ | निल विक्रम थापा | सदस्य (वडाअध्यक्ष वडा नं.२) | |
| ५ | लाल महम्द शेष | सदस्य (वडाअध्यक्ष वडा नं.३) | |
| ६ | संजय प्रसाद साह | सदस्य (वडा अध्यक्ष वडा नं.४) | |
| ७ | सुरेन्द्र प्रसाद चौधरी | सदस्य (वडा अध्यक्ष वडा नं.५) | |
| ८ | प्रेमहरि श्रेष्ठ | सदस्य (वडाअध्यक्ष वडा नं.६) | |
| ९ | मनोज कुमार चौधरी | सदस्य (वडा अध्यक्ष वडा नं.७) | |
| १० | हरि बहादुर थापा | सदस्य (वडाअध्यक्ष वडा नं.८) | |
| ११ | विश्वनाथ राय | सदस्य (वडाअध्यक्ष वडा नं.९) | |
| १२ | फिरोजा खातुन | सदस्य (महिला) | |
| १३ | सुमिन्त्रा देवी | सदस्य (महिला) | |
| १४ | सिमरिखिया देवी दास | सदस्य (महिला) | |
| १५ | गंगीया देवी | सदस्य (महिला) | |
| १६ | चितोरिया कुमारी चौधरी | सदस्य (महिला) | |
| १७ | सिताशरण साह | सदस्य ( दलित तथा अल्पसंख्यक) | |
| १८ | हिरा विश्वकर्मा | सदस्य ( दलित तथा अल्पसंख्यक) | |
| १९ | सन्तोष प्रसाद साह | सदस्य ( दलित तथा अल्पसंख्यक) | |
| २० | दिवाकर भुजेल | सचिव (प्रमुख प्रशासकीय अधिकृत) | |

अन्य उपस्थिति :

१. विनय पौडेल (प्रशासन अधिकृत)

२. अशोक कुमार थापा (कम्प्युटर अपरेटर)

३. अमित नारायण मिर्दाहा (कार्यालय सहयोगी)

Scanned with CamScanner

हरिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिपुर, सर्लाही
मधेश प्रदेश, नेपाल

मिति २०७९।११।२९

## मिति २०७९/११/२९ गते बसेको नगर कार्यपालिकाको बैठकमा प्रस्ताव तथा निर्णयहरु

प्रस्तावहरु :

१. पूर्व निर्णयको समिक्षा सम्बन्धमा ।
२. एगारौं नगर सभाको वैठक सम्वन्धमा ।
३. पिडारी बजारको जग्गा खरिद सम्वन्धमा ।
४. वडा नं. २ को कार्यालयको लागि जग्गादातालाई अपिल गर्ने सम्वन्धमा ।
५. वडा नं. २ को कार्यालयको घर भाडा सम्वन्धमा ।
६. सडकको चौडाइ कायम गर्ने सम्वन्धमा ।
७. भर्ना तथा छनौट सम्बन्धित खर्च भुक्तानी सम्वन्धमा ।
८. अमिनको ज्याला रकम भुक्तानी सम्वन्धमा ।
९. स्थानीय विपद तथा जलवायु उत्थानशील योजना स्वीकृत गर्ने सम्वन्धमा ।
१०. स्वयम् सेवक नियुक्ति सम्वन्धमा ।
११. नापी कार्यालय हरिवनलाई सवारीसाधन मर्मत भुक्तानी सम्वन्धमा ।
१२. नेपाल आदिवासी जनजाती पत्रकार महासंघ, सर्लाहीलाई कार्यक्रम खर्च सहयोग सम्वन्धमा ।
१३. इलाका प्रशासन कार्यालय स्थापना गर्न माग गर्ने सम्वन्धमा ।
१४. नापी तथा मालपोत कार्यालय स्थापना गर्न माग गर्ने सम्वन्धमा ।
१५. आर्थिक सहायता सम्वन्धमा ।

निर्णयहरु

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस नगर कार्यपालिकाको पछिल्ला बैठकहरुबाट भएका निर्णयहरुको समिक्षा गर्दै उक्त निर्णयहरु यथाशीघ्र कार्यान्वयन गर्न सम्बन्धित विषयगत शाखा एवं वडा कार्यालयहरुलाई निर्देशन दिने निर्णय गरियो ।

प्रस्ताव नं. २ माथि छलफल गर्दा यस नगरपालिकाको एघारौं नगर सभाको दोस्रो वैठक मिति २०७९।११।३० गते मंगलवार विहानको १० बजे देखि संचालन गरी आ.व. २०७९/०८० मा सञ्चालन हुने गरी दशौं नगर सभाबाट पारित वार्षिक बजेट तथा कार्यक्रममा नगरस्तरीय योजना/कार्यक्रमको हकमा नगर प्रमुखज्यू मार्फत तथा वडास्तरीय योजना तथा कार्यक्रम सम्वन्धीत वडाध्यक्षज्यू मार्फल संशोधन प्रस्ताव निर्णयार्थ पेश गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ३ माथि छलफल गर्दा दशौ नगरसभाबाट बजेट विनियोजन भएको यस नगरपालिका वडा नं. ९ को पिडारी बजारमा साबिक देखि नै बजार संचालनमा रहेको स्थानमा बजार व्यवस्थापनको लागि आवश्यक जग्गा खरिद गर्न संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत नेपाल सरकारसँग अनुमति माग गरी जग्गा खरिदको लागि नियमानुसार आवश्यक प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस नगरपालिका वडा नं. २ को कार्यालयको प.सं. २०७९/०८०, च.नं. ७८४, मिति २०७९/११/१७ गतेको जग्गा उपलब्ध गराइ दिने प्राप्त पत्रानुसार वडा नं. २ को कार्यालय भवन निर्माण गर्नको लागि वडा नं. २ अन्तर्गत निशुल्क आवश्यक जग्गा उपलब्ध गराउन आम जग्गा दताहरुलाई अपिल गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस नगरपालिका वडा नं. २ को प.सं. २०७९।०८०, च.नं. ७८६, मिति २०७९।११।१७ गतेको प्राप्त पत्रानुसार वडा नं. २ को वडा कार्यालय भवन नभएकोले हाल बजारमा रहेको कृषि भवनमा संचालन हुँदै आएकोमा सो बजारको जग्गामा बजार व्यवस्थापनको लागि ३ तल्ले भवन शहरी विकास कार्यालयले निर्माण

Scanned with CamScanner

हरिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिपुर, सर्लाही
मधेश प्रदेश, नेपाल
२०७३

मिति २०७९।११।२९

प्रक्रिया अगाडी बढाइसकेको हुँदा वडा नं. २ को कार्यालयको लागि कार्यालय संचालन गर्न भवनको तत्कालिन आवश्यकता भएकोले हरिपुर नगरपालिका वाड नं. २ को कार्यालय संचालनको लागि नियमानुसार घर भाडा लिई कार्यालय सञ्चालनको व्यवस्था मिलाउने निर्णय गरियो ।

प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस नगरपालिका वडा नं. २ को प.सं. २०७९।८०, च.नं. ७८९, मिति २०७९।११।१८ गतेको प्राप्त पत्रानुसार र वडा नं. २ को वडा समितिको मिति २०७९।१०।२६ गतेको निर्णयानुसार वडा नं. २ को पुलचौक देखि कछुडिया टोल सम्म जाने सडकको चौडाइ सडकको वीचबाट दायाँ बायाँ १४-१४ फिट गरी कुल २८ फिट कायम गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस नगरपालिकामा मिति २०७९ फागुन १२ गते सेवा करारमा कर्मचारी भर्ना गर्ने सम्वन्धी सूचना अनुसार विज्ञापन नं. ९-२०७९/०८० र १०-२०७९/०८० नगर प्रहरी सहायक निरिक्षक र नगर प्रहरी जवान पदको हकमा प्रारम्भिक स्वस्थ्य परीक्षण र शारिरिक तन्दुरुस्ती परीक्षा संचालन गर्न ईलाका प्रहरी कार्यालय, हरिपुरलाई यस नगरपालिकाको परीक्षा तथा अन्तर्वाता समितिको निर्णय अनुसार संचालन गर्न दिने र सो प्रक्रियामा लाग्ने लागत र अन्य पदपूर्ति सम्बन्धी खर्च हरिपुर नगरपालिका नगर प्रहरी संचालन तथा व्यवस्थापन सम्वन्धी कार्यविधि, २०७९ अनुसार सम्बन्धित शीर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस नगरपालिकामा कार्यरत स्थायी अमिन सरुवा भएको र करारमा कुनै पनि अमिनको नियुक्ति नभएको समयमा यस नगरपालिका वडा नं. ८ बस्ने आकाश दासलाई मिति २०७८।११।२५ गते देखि २०७९।३।६ गते सम्म (८९ दिन) ज्यालादारीमा अमिन खटाइएकोले सो समय अवधिको रकम भुक्तानी नभएको हुँदा उक्त अमिनलाई डोर हाजिरी फारम अनुसारको दैनिक ज्यालादारी रकम भुक्तानी गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ९ माथि छलफल गर्दा यस नगरपालिकाको स्थानीय विपद तथा जलवायु उत्थानशील योजना पारित गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. १० माथि छलफल गर्दा यस नगरपालिकामा स्वास्थ्य सेवा विस्तार गर्ने क्रममा हरिपुर नगरपालिका वडा नं. २ सखुवामा थप आधारभुत स्वास्थ्य सेवा केन्द्र संचालन र प्राथमिक स्वास्थ्य केन्द्रमा इमर्जेन्सी सेवा, अल्ट्रासाउण्ड सेवा र बर्थिंग सेवा संचालन सँगै र रात्री र अतिरिक्त सेवा संचालन गर्न कर्मचारी अभावको कारणले कठिनाई भइरहेको हुँदा विगतमा करार सेवामा कर्मचारी भर्ना भएता पनि केही कर्मचारीहरुको अनिवार्य अवकास तथा स्वेच्छिक राजीनामाको कारणले र सेवा विस्तार गर्नुपर्ने भएकोले स्वयंसेवी भई कामकाज गर्ने गरी आवश्यक संख्यामा अनमी, अहेव/हेल्थ असिष्टेन्ट र कार्यालय सहयोगी पदमा काम गर्न ईच्छुक स्वयमसेवकहरुको आवेदन संकलन गरी कामकाजमा खटाएर आवश्यक जनशक्ति व्यवस्थापन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ११ माथि छलफल गर्दा नापी कार्यालय, सर्लाहीको प.सं. २०७९/०८०, च.नं. २००, मिति २०७९।०९।२५ गतेको भुक्तानी गरि सहयोग गरिदिनु हुनको पत्रानुसार तहाँ कार्यालयको बा. १ झ. ९४८० नं. को स्कारपियो गाडी मर्मत खर्च वापतको रकम रु. ७५४२७।५० सहयोग गरिदिनु माग भए बमोजिम उक्त कार्यालयको स्कारपिय गाडी मर्मत खर्च वापत विल अनुसारको रकम भुक्तानी गर्न आ.व. २०७९/०८० को दशौं नगरसभाबाट स्वीकृत नगर विकास योजना पुस्तिकाको पेज नं. ५४ को सि.नं. ६८ कार्यपालिकाको वैठकको निर्णयानुसार खर्च हुने शीर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. १२ माथि छलफल गर्दा नेपाल आदिवासी जनजाती पत्रकार महासंघ, जिल्ला कार्यसमिति सर्लाहीको मिति २०७९ फागुन २६ गतेको आवश्यक सहयोग सम्वन्धको प्रस पत्रानुसार नेपाल आदिवासी जनजाती पत्रकार महासंघको केन्द्रिय विधान अधिवेशन २७-२८ र २९ फागुन २०७९ मा हरिवनमा संचालन हुने कार्यक्रममा रकम रु. २५०००। (पचिस

Scanned with CamScanner

मिति २०७९।११।२९

हजार मात्र) आ.व. २०७०/०८० को दशौं नगरसभाबाट स्वीकृत नगर विकास योजना पुस्तिकाको पेज नं. ५५ को सि.नं. ९६ अन्य सामाजिक सहायता खर्च शीर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. १३ माथि छलफल गर्दा यस नगरपालिकाको आम नागरिकहरु नागरिकता, राहदानी, राष्ट्रिय परिचयपत्र, मतदाता नामावली दर्ता र अन्य कामकाजको लागि जिल्ला प्रशासन कार्यालय मलंगवा, हरिवन र वरहथवा इलाका प्रशासन कार्यालयमा सेवा लिन जानुपर्ने भई यस नगरपालिकाका नागरिकहरुलाई समय, भूगोल, यातायात लगायत विभिन्न समस्याहरु भएको हुँदा नागरिकता, राहदानी, राष्ट्रिय परिचयपत्र, मतदाता नामावली दर्ता र अन्य सेवाहरु हरिपुर नगरपालिकामा नै प्राप्त हुने गरी यस नगरपालिकामा ईलाका प्रशासन कार्यालय स्थापना गर्न नेपाल सरकार, गृह मन्त्रालयसँग अनुरोध गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. १४ माथि छलफल गर्दा यस नगरपालिकाको आम नागरिकहरु जग्गा प्रशासन र भूमि व्यवस्थापनसँग सम्बन्धित कामकाजको लागि नापी र मालपोत कार्यालयहरु मलंगवा, हरिवन र वरहथवामा सेवा लिन जानुपर्ने भई यस नगरपालिकाका नागरिकहरुलाई समय, भूगोल, यातायात लगायत विभिन्न समस्याहरु भएको हुँदा जग्गा प्रशासन र भूमि व्यवस्थापनसँग सम्बन्धित सेवाहरु हरिपुर नगरपालिकामा नै प्राप्त हुने गरी यस नगरपालिकामा मालपोत र नापी कार्यालय स्थापना गर्न नेपाल सरकार, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयसँग अनुरोध गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. १५ माथि छलफल गर्दा यस नगरपालिकाका देहायका व्यक्तिहरु तथा संस्थाहरुलाई देहाय अनुसारको रकम आर्थिक सहायता दिने निर्णय गरियोः

| क्र.सं.: | आर्थिक सहायता लिने व्यक्तीको नाम थर | ठेगाना | रकम रु | कारण | शिर्षक |
|---|---|---|---|---|---|
| १ | मोहीनी देवी | हरिपुर-३ फरहदवा | १००००।०० | प्यारालाईसिस भएको | उपचार खर्च - चन्द्रकला कुमारी सिंह) |
| २ | मनोज कार्की | हरिपुर-२, सर्लाही | १००००।०० | फुटवल म्याचमा घाइते भएको र औषधी उपचार खर्च | औषधी उपचार खर्च |
| ३ | सोनावती तत्मीनी | हरिपुर-६, सर्लाही | १००००।०० | आगो लागेर जलेको | औषधी उपचार खर्च आस कुमारी दास |
| ४ | विपता कुमर | हरिपुर-६, सर्लाही | १००००।०० | प्यारालइसिस | औषधी उपचार |
| ५ | नन्दीलाल माझी | हरिपुर-५, सर्लाही | १५०००।०० | (अल्सर) (औषधी उपचार | आर्थिक सहायता |

Scanned with CamScanner